शे फोक्सुण्डो गाउँपालिकाको सम्मानित नवौं गाउँ सभा २०७८ साल आषाढ १० गते बिहिवार गाउँपालिकाका उपाध्यक्ष श्री धावा सम्दुक गुरुङ्ग ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७८/ ७९ को बजेट वक्तव्य

शे फोक्सुण्डो गाउँपालिका

२०७८

सभाका श्रद्धय अध्यक्ष ज्यू
गाउँ सभाका सदस्य ज्यूहरू ।

१ शे फोक्सुण्डो गाउँपालिकाको उपाध्यक्षको हैसियतले सम्मानित नवौं गाउँ सभा समक्ष आगामी आर्थिक वर्ष२०७८/०७९ को नीति तथा कार्यक्रम कार्यान्वयनको दस्तबेजको रुपमा रहेको बजेट प्रस्तुत गरि रहँदा अत्यन्तै गौरवान्वित भएको महसुस गर्दछु । यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनका लागी जीवन बलिदान गर्नुहुने ज्ञात अज्ञात शहीदहरूप्रति भावपर्णू श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समृद्ध तथा सघींय शासन प्रणाली स्थापित गर्नका लागि सघर्षं गर्नुहुने महान नेपाली जनता र नेतृत्वमा रहन भएका राजनीतिका शिखर व्यक्तित्हरू प्रति हार्दिक सम्मान भाव व्यक्त गर्न चाहन्छु ।

२ "पर्यटन जलस्रोत पशुपालन र जडिबुटी शे फोक्सुण्डोको आधार दीगो विकास गुणस्तरीय पूर्वधार गरीबी निवारण र रोजगार" भन्ने मूल नारालाई आत्मसात गरी स्वास्थ्य शिक्षा उत्पादन खानेपानी सुरक्षित आवास जस्ता पूर्वाधारको परिपूर्तिबाट गाउँबासीलाई परिवर्तनको आवास दिलाउने अठोटका साथ गाउँपालिका अघि बढिरहेको छ ।

३ नेपालको संविधान; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; गाउँपालिकाको अर्थ विधेयक, २०७८; विनियोजन विधेयक, २०७८; गाउँपालिकाको नीति तथा कार्यक्रम; सघींय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु; गाउँपालिकाका विषययगत समितिका सुझावहरूः दिगो विकासका लक्ष्य; गाउँसभाका सदस्यज्यहरूले दिनु भएका सुझावहरू; विषय विज्ञका सुझाव तथा राजनीतिक दलहरू, सघं-संस्था गाउँपालिकाकका सम्पूर्ण दिदीबहिनी तथा दाजभाईहरूबाट प्राप्त महत्पूर्ण तथा कार्यान्वयन योग्य सुझावहरुलाई समेत समेटी आ.व. २०७८/०७९ को बजेट तर्जुमा गरिएको छ ।

४ गाउँपालिकाको आर्थिक स्थितको संक्षिप्त जानकारी गराउन चाहन्छु । चालु आ. व. २०७७/७८ को लागि कूल अनुमानित आय रु ३० करोड ५३ लाख २९ हजार ७ सय उनान्असि (जेष्ठ मसान्त समपुरक बजेट तथा थप अख्तियारी समेत) र व्यय तर्फ रु ३० करोड ५३ लाख २९ हजार ७ सय उनान्असि (पुरक बजेट तथा थप अख्तियारी समेत) अनुमान गरिएको थियो । अनुमानित आयमा २०७८ आषाढ पहिलो हप्ता सम्म गाउँपालिकाले आन्तरिक आम्दानी करिब रू. १ करोड ८६ लाख ३८ हजार(अल्या समेत) र सघींय सरकारको राजश्व बाँडफाँडबाट रु. २ करोड ८७ लाख ११ हजार ४ सय ६६ आम्दनी भएको, सघं तथा प्रदेशबाट वित्तीय हस्तान्तरण वापत क्रमशः १५ करोड ७३ लाख ६१ हजार ९ सय ६६ तथा ३ करोड ८७ लाख १० हजार प्राप्त भएको, १ करोड ७६ लाख बैक बाट अ. ल्या. गरिएको छ ।

५ व्यय तर्फ चालु शीर्षकमा रु. १३ करोड ४२ लाख २५ हजार विनियोजन भएकोमा २०७८ आषाढ पहिलो हप्ता सम्म रु. ६ करोड २९ लाख २६ हजार अर्थात ४६ दशमलव ८८ प्रतिशत र पुँजिगततर्फ १५ करोड ९८ लाख ४५ हजार विनिययोजन भएकोमा ४ करोड ९४ लाख ६८ हजार अर्थात ३० दशमलव ९४ प्रतिशत गरी कुल खर्च जम्मा रु. ११ करोड २३ लाख ९४ हजार खर्च भएको छ ।

६ २०७८ आषाढ मसान्तसम्म संशोधित अनुमान राजश्व आम्दनीतर्फ मालपोत सिफारिस शुल्क समेत गरी करिब रू. ३ लाख २ हजार आम्दनी हुने देखिन्छ । खर्चतर्फ चालु खर्च करिब रू. ६० लाख र पुँजीगत खर्च तर्फ रू. ५ करोड ७० लाख हुने सशोधित अनुमान गरिएको छ ।

७ अब म आगामी वर्ष २०७८/७८ को बजेटका उद्देश्य तथा प्राथामिकता प्रस्तुत गर्न अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) कोभिड-१९ बाट प्रभावित व्यक्तिको उपचार र क्वरिन्टन व्यवस्थापन तथा वैदेशिक रोजगारीबाट फिर्ता भएका व्यक्तिहरुलाई रोजगार सिर्जना गरिने ।

ख) गाउँबासीहरुको मौलिक हकको रुपमा रहेका न्यूनतम आधारभूत आवश्यकताहरु परिपूर्ति गरिदै जाने।

ग) निजी तथा सहकारी क्षेत्र सँग सहकार्य गर्दै रोजगारीका अवसरहरु सिर्जना गरिने

घ) साधन स्रोत अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गरी समृद्ध गाउँपालिका बनाउने

ङ) आर्थिक भौतिक सामाजिक र वातावरणिय पूर्वाधार तयार गरि समुन्नत र सुदृढ गाउँपालिका बनाई राष्ट्रको विकासमा टरेवा पुर्याउने

८ आर्थिक वर्ष २०७८/७९ को बजेटका प्रथामिकताका क्षेत्रहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) स्वस्थ्य सेवामा सधार एवं पहुँच

ख) ग्रामिण सौन्दर्य भू-उपयोग एव बस्ती विकास

ग) लक्षित वर्गको उत्थन एवं सशक्ततीकरण र सामाजिक समावेशीकरण

घ) कृषि तथा पमाशु विकास

ङ) संस्कृति तथा पर्यटन प्रवर्द्रन

च) रोजगारी सिर्जना तथा सहकारी क्षेत्रको प्रवर्द्रन

छ) शैक्षिक उन्नयन एवं युवा तथा खेलकुद

ज) प्रविधि प्रयोग तथा डिजिटल प्रणाली

झ) वातावरण संरक्षण एव विपद व्यवस्थापन

ञ) उद्योग र नीजि क्षेत्रसँग सहकार्य

ट) राजश्व प्रशासन तथा वित्तीय सुशासन

९ बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार ,छिमेकी स्थानीय तहहरु, विकासको सहयात्रीको रुपमा रहेका निजी तथा सहकारी क्षेत्रसँग समन्वय एवं साझेदारी गरिनेछ । विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका प्राथमिकता र उद्देश्यसँग तादाम्यता कायम गर्न अधिकतम प्रयास गरिएको छ ।

सभाका अध्यक्ष एवं
गाउँ सभाका सदस्य ज्यूहरू,

१०. अब म गाउँपालिकाको आ.व. २०७८/७९ को विषयगत क्षेत्र तथा कूल आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

११ नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आ.व. २०७८/७९ को कूल व्यय रू. ३३ करोड ३५ लाख ४५ हजार गरिएको छ । अन्तर सरकारी अख्तियारीबाट रु. २ करोड ९५ लाख प्राप्त हुने अनुमान गरिएको छ । त्यसै गरी आन्तरिक आय रु. २० लाख (घरजग्गा रजिष्ट्रशन एवं बाँडफाँडबाट प्राप्त आय समेत), अन्तर सरकारी वित्तीय हस्तन्तरणबाट रु. २१ करोड ३२ लाख ३३ हजार, केन्द्र तथा प्रदेश सरकारको राजश्व बाँडफाँडबाट प्राप्त रु. ४ करोड ७४ लाख ३० हजार र बैक मौज्दात रु ३ करोड ५२ लाख रहने प्रक्षेपण गरिएको छ । अन्तर सरकारी अख्तियारीबाट प्राप्त रु. २ करोड ९५ लाख र अन्य अख्तियारी मूल सञ्चित कोषमा प्राप्त नहुने भएकोले अन्न सरकारी अख्तियारी शीर्षकबाट नै लेखांकनको व्यवस्था गरिने छ ।
१२. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

**पुर्वाधार विकास**

१३. ठुला पूर्वाधार अन्य रणनीतिक महत्का पूर्वाधार निर्माण गर्न साझेदारी तथा समपरकू कोष स्थापना, एकीकृत बस्ती विकास योजना, नमुना सडक निर्माण तथा वर्गिकरण विभिन्न वडामा निमार्ण हुने भवन, सिचाई, कल्भर्ट, मर्मतसम्भार, व्यवस्थित वस्ति विकास लगायतका ग्रामिण सौन्दर्य भू उपयोग सम्बन्धी नीति कार्यान्वयन गर्नको लागि रु. ११ करोड २३ लाख ६८ हजार विनियोजन गरिएको छ ।

१४. अधुरा योजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयमा ल्याउने र यस आ.व.मा भक्तानी हुन बाँकी तथा बहु वर्षीय ठेक्का प्रणालीबाट भएका योजनाको भक्तानीको लागि एकमष्ठु रु.१ करोड ४१ लाख ५७ हजार विनियोजन गरीएको छ ।

**सामाजिक विकास**

फोक्सुण्डो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

स्वास्थ्य

१५. आधारभूत एवं गुणस्तरीय स्वस्थ्य सेवामा शे फोक्सुण्डो बासीको पहुँच सुनिश्चित गर्न स्वास्थ्यको सर्वव्यापी पहुँचको अवधारणा अनुसार वडामा स्वस्थ्य सस्थां स्थापना, कोरोना संक्रमणको सम्भवना भएका व्यक्तिहरुको परीक्षणका लागि आवश्यक औषधी तथा उपकरण र परामर्शदाताहरु सहितको मोबाइल क्लिनक सञ्चालन, स्वास्थ्य सस्थामा सुत्करी हुने महिलालाई यातायात खर्च उपलब्ध गराउनका साथै वडाहरुमा सञ्चालित होम क्वरेन्टानलाइ व्यवस्थित गर्ने लगायतका कार्यक्रम कार्यान्वयन गर्न एकमुष्ठ रु. ४ करोड ३१ लाख ३१ हजार विनियोजन गरिएको छ ।

शिक्षा

१६. प्रारम्भक बाल शिक्षा केन्द्रका बालबालिहरुको समतामूलक पहुँच सुनिश्चित गर्ने, भौतिक पुर्वाधार विकास कार्यक्रम, जस्तापाताको छानो भएका कक्षाकोठामा फल सिलिङ्ग तथा विद्यालय कलर कोड, विद्यालयको रङ रोगन गर्ने, गाउँपालिकामा प्राविधिक उ मा वि विद्यालय सञ्चालनमा ल्याउने, राष्ट्रिय, प्रदेश स्तरीय खेलमा पदक जित्ने गाउँपालिकाका खेलाडीहरुलाई पुरस्कार तथा सम्मान गर्ने लगायतका शैक्षिक विकासको नीति कार्यान्वयन गर्नको लागि रु. ३ करोड ३६ लाख बजेट विनिययोजन गरिएको छ ।

**कृषि तथा पशुपन्छी विकास**

१७. कृषि तथा पशसेवाका कार्यक्रममा अनदानु प्रदान गर्ने, कृषि ऋणमा प्रतिशत व्याज अनदानु उपलब्ध गराउने, बीउबिजन र मल वितरणमा अनदानु दिने, विषादी परीक्षण प्रयोगशालालाई सशक्त एवं व्यवस्थित गर्ने, एक वडा एक पशुफर्म आधुनीकिकरण कार्यक्रम एवं बाख्रा चौरी अनुदान कार्यक्रम लगाययत कृषि तथा पश विकास कार्यक्रम कार्यान्वयनमा ल्याउनको लागि क्रमश: कृषितर्फरु. ९९ लाख ५१ हजार तथा पशु विकास कार्यक्रम तर्फ रु. २४ लाख गरी कुल जम्मा रु. १ करोड २३ लाख ५१ हजार विनियोजन गरिएको छ ।

**वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन विपद् व्यवस्थापन**

१८. फोहोरको प्रभावकारी संकलन, ढुवानी तथा व्यवस्थापन एवं हरियाली प्रवर्द्र गरिनुका साथै कोरोना महामारी नियन्त्रणका लागि गाउँपालिकाका विभिन्न स्थनमा क्वारेन्टन स्थलहरुको प्रभावकारी व्यवस्थापन, वडा कार्यालयहरुमा विपद व्यवस्थापनका आधारभूत सामग्री भण्डरणको व्यवस्था लगायतका कार्यक्रम कार्यान्वयन गर्न वातावरण तथा विपद व्यवस्थपन तर्फ एकमुष्ठ रु. ९४ लाख ०३ हजार विनियोजन गरिएको छ ।

**रोजगारी सिर्जना तथा सहकारी प्रवर्द्धन**

१९. विदेशबाट आर्जन गरेको सीप उपयोग गरी रोजगारी पैदा गर्ने खालका कृषि र पशु लगायतका साना उद्योग गर्न चाहने युवाहरुलाई न्यून व्याज दरमा अनुदान उपलब्ध गराउने, युवा तथा उद्यमीहरुलाई नवीन व्यवसाय शुरु गर्न सुरुवाती पँजी प्रदान लगायतका कार्यक्रम कार्यान्वयन गर्नको लागि रु. १० लाख विनिययोजन गरिएको छ ।

**संस्कृति तथा पर्यटन प्रवर्द्धन**

२०. प्राचीन नाच, कला तथा संस्कृतिकाको संरक्षण, पर्यटकीय पदमार्ग निर्माणको लागि सम्भव्यता अध्ययन तथा बृहत पर्यटन गरु योजना तयार लगायतका कार्यक्रम कार्यान्वयन गर्नको लागि एकमष्ठु रु.२ लाख ३० विनियोजन गरिएको छ ।

**लक्षित बर्ग उत्थान, सशक्तीकरण एवं सामाजिक समावेशीकरण**

२१. विपन्, महिला, दलित, आदिवासी, जनजाति तथा वञ्चितमा परेका लक्षित वर्गको आर्थिक सशक्ततीकरण, महिला तथा जोखिम समदायसँग उपाध्यक्ष कार्यक्रम र समन्यायिक विकासमा उपाध्यक्ष कार्यक्रम, हिसां अन्त्यका लागि वडाहरूमा अभियान सञ्चालन, बालगृहलाई व्यवस्थित गर्ने, एक वडा एक ज्येष्ठ नागरिक विश्रामस्थल, अपाङ्गता क्षेत्रमा क्रियाशील सामाजिक सघ संस्थाहरूकों अगुवाईमा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालन लगायतका लक्षित वर्ग उत्थान, सशक्तिकरण एवं सामाजिक समावेशीकरणको नीतिलाई कार्यान्वयन गर्न एकमष्ठु रु. ५ लाख विनियोजन गरीएको छ ।

**युवा तथा खेलकुद**

२२. युवामा स्वयंसेवी भावना बढाउने कार्यक्रम, सामाजिक जिम्मवारी बोध गराउन विपद व्यवस्थापनमा योगदान गर्न तथा सामाजिक सुधारका कार्यमा परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम संचालन गर्ने , विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न विद्यालयलाई खेल सामग्री उपलब्ध गराउने लगायतका कार्यक्रमको लागि एकमष्ठु रु. १ लाख विनियोजन गरिएको छ ।

**राजश्व प्रशासन तथा वित्तीय सुशासन**

२४. गाउँपालिकाको कर प्रशासनलाई चुस्त, सरल, प्रविधि मैत्री एवं करदाता मैत्री बनाई अधिकतम कर सहभागिता सुनिश्चित गर्न कर शिक्षा कार्यक्रम सञ्चालन गर्ने, डिजिटल प्रणालीमा आबद्ध गरी प्रत्येक करदातालाई एकीकृत कर पोर्टल अन्तर्गत व्यक्तिगत कर पहिचान नम्बर प्रदान लगायतका सुशासन युक्त कार्यक्रम कार्यान्वयन गर्नको लागि रु. ५८ करोड ३० बजेट विनियोजन गरिएको छ ।

**उद्योग तथा निजी क्षेत्रसँग सहकार्य**

२५. साना उद्योगहरुको संरक्षण र विकास गर्दै स्थानीय क्षेत्रमा रोजगारी अभिवृद्धि गर्ने, सृजनात्मक तथा अनुसन्धानमा आधारित साना उद्योगहरुको स्थापनाका लागि प्रोत्साहन स्वरुप बीउ पुँजी तथा उत्पादन पश्चात बिक्री बिल बिजकका आधारमा अनुदानको व्यवस्था लगायतका कार्यक्रम कार्यान्वयन गर्नको लागि रु.३० लाख विनियोजन गरिएको छ।

**सेवा प्रवाह र प्रशासन तथा सुशासन**

२६. उत्प्रेरित एवं उच्च मनोबल युक्त जनशक्तिबाट प्रभावकारी सेवा प्रवाह भई आम सेवाग्राहीले शासनको अनभुति गर्ने हुँदा कर्मचारीको क्षमता अभिबृद्धि गर्न, संघीय सरकारको नीति बमोजिम आन्तरिक पर्यटन प्रवद्धन गाउँपालिकाको संगठनं र सस्थागतं विकास गरी सुदृढ प्रशासन कायम गर्न कार्यालयको प्रशासनिक खर्चमा रु. ९ करोड २३ लाख ०७ हजार विनियोजन गरिएको छ ।

२७. हरेक वडाको समानुपातिक विकासका निम्ति सम्बन्धित वडा स्तरमा कार्यक्रम कार्यान्वयन गर्न प्रत्येक वडाका निम्ति वडा नं १ मा रु ४१ लाख ४५ हजार २ सय वडा नं २ मा रु ४० लाख ७० हजार वडा नं ३ मा रु ४० लाख ०७ हजार वडा नं ४ मा रु ३० लाख वडा नं ५ मा रु १५ लाख ७५ हजार वडा नं ६ मा रु १५ लाख सय वडा नं ७ मा रु २० लाख वडा नं ८ मा रु ३३ लाख वडा नं ९ मा रु १३ लाख ८२ हजार का दरले जम्मा रु. २ करोड ४९ लाख २९ हजार २ सय विनियोजन गरिएको छ ।

२८. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान वापत प्राप्त बजेट रु ८ करोड ३२ लाख तोकिएकै शिर्षकमा खर्च गरिनेछ।

अन्त्यमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुर्याउनु हुने गाउँपालिका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, विज्ञ महानुभावहरु, राजनीतिक प्रतिनिधि एवं राजनीतिज्ञ सञ्चार जगत लगायत सम्पूर्ण गाउँबासी दाजुभाई तथा दिदी बहिनी एवं अहोरात्र खटिने गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै आय र क्षेत्रगत व्ययको विस्तृत विवरण सहितको रातो पुस्तक शिघ्र सार्वजनिक गरिनेछ । धन्यवाद!

धावा सम्दुक गुरुङ्ग
उपाध्यक्ष
शे फोक्सुण्डो गाउँपालिका
साल्दाङ्ग डोल्पा
मिति २०७८ आषाढ १० गते बिहिबार